## दुई



**नारायण वाग्ले**

**नारायण वाग्ले** *कान्तिपुर* दैनिकका सम्पादक हुनुहुन्छ । उहाँको पत्रकारिता यात्रा २०४८ सालमा *जनमञ्च*बाट सुरु भएको थियो । २०४९ सालको उत्तरार्द्धमा *कान्तिपुर* दैनिकको सुरुआतसँगै उहाँले संवाददाताका रूपमा यस पत्रिकामा प्रवेश गनुभएको थियो । पछि *कान्तिपुर*मा समाचार सम्पादक बन्नुभयो र २०६१ कात्तिकदेखि यसको सम्पादक बन्नुभएको हो । ग्रामीण बस्तीका घटना, संस्कृति र जीवनशैलीलाई प्रभावकारी ढङ्गले उजागर गर्न उहाँ खप्पीस मानिनुहुन्छ । कर्णालीको भोकमरीबारे, नेपाली भूमि कालापानीमा रहेको भारतीय सैन्य क्याम्पबारे उहाँले गरेका रिपोर्टिङहरू अद्यापि स्मरणीय छन् । रिपोर्टिङका क्रममा देखेका, सुनेका घटनालाई कथात्मक तरिकाले प्रस्तुत गर्ने उहाँको स्तम्भ 'कफि गफ' नेपाली पत्रकारितामा बेग्लै प्रयोग थियो । वि.सं. २०६२ मा प्रकाशित उहाँको उपन्यास *पल्पासा क्याफे*ले मदन पुरस्कार प्राप्त गरेको थियो ।

**सम्पादकको रूपमा *कान्तिपुर*मा तपाईंको भूमिका के हुन्छ ? कस-कससँग कस्तो सम्बन्ध राखेर काम गरिन्छ ?**

सम्पादकको भूमिका पत्रिकाको सम्पादकीय नेतृत्व गर्नु हो । पत्रिकामा छापिने सामग्री सही सूचनामा आधारित, भरपर्दो विचार र उपयुक्त दृष्टिकोणसहित विश्वसनीय ढङ्गले प्रस्तुत गरिएका होऊन् भन्ने सुनिश्चित गराउने सम्पादकको प्रमुख अभिभारा हुन्छ । अघिल्ला अङ्कहरूको समीक्षा गरी भोलिको अङ्क र आगामी दिनहरूका संस्करण झन् स्तरीय र लोकप्रिय हुँदै जाऊन् भन्ने उसको उद्देश्य हुन्छ । पत्रिकाको विश्वसनीयता सम्पादकको प्रमुख पूँजी हो । त्यसका लागि प्रकाशकदेखि पाठक, सहकर्मी, पत्रिकाका अन्य विभागसँग समन्वय गर्नुपर्ने हुन्छ ।

***कान्तिपुर*मा छापिने समाचारहरू स्रोतबाट आएपछि के-कस्ता प्रक्रियाबाट गुज्रन्छन् ? सम्पादकीय कसरी लेखिन्छ ? समाचार र सम्पादकीय उत्पादनका बारेमा केही प्रस्टचाइदिनोस् न ।**

समाचार सङ्कलन तथा सम्प्रेषण गर्ने जनशक्ति काठमाडौंमा ३० जना र उपत्यकाबाहिर ९० जना छन् । संवाददाता/समाचारदाताले कुनै पनि विषयवस्तुका सूचना, घटना र प्रवृत्तिबारे समाचार तयार गर्दा आवश्यक न्यूनतम प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । नभएका समाचारलाई काठमाडौंमा सम्बन्धित विषयका संयोजक, रिपोर्टिङ संयोजक, डेस्क सहकर्मीले प्रशोधन गर्ने गर्छन् । अझ गम्भीर विषयवस्तु पऱ्यो भने समाचार सम्पादक र सम्पादकसम्मले हेर्ने, छलफल गर्ने र सम्पादन गर्ने गर्छन् । उपत्यकाबाहिरका समाचारका हकमा पब्लिकेसन्स्का विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र महेन्द्रनगरमा क्षेत्रीय ब्युरो र सबैमा संयोजक/उप संयोजक छन् । नेपालगञ्ज र महेन्द्रनगरमा भने स्थिति बसिसकेको छैन, अन्यत्र भने कुनै पनि जिल्लाका समाचार क्षेत्रीय संयोजक कार्यालयबाट काठमाडौंमा जिल्ला ब्युरोमा पठाइन्छन् । जिल्ला ब्युरोले सिफारिश गरेपछि सम्बन्धित डेस्कमा पठाइन्छन् ।

काठमाडौं र काठमाडौंबाहिरका समाचार सम्बन्धित संयोजकले प्राथमिकता सिफारिश गरेअनुसार प्रायः तिनै संयोजक, समाचार सम्पादक, डेस्क र सम्पादक समेतको समाचार-बैठकबाट अन्तिम प्राथमिकता तय गर्ने गरिन्छ ।

सम्पादकीय विभाग भने हाम्रो ज्यादै सानो छ । लेख/रचना र पाठकपत्रका लागि दुई पृष्ठ छुट्टचाइएअनुसार हरेक पृष्ठ हेर्ने छुट्टाछुट्टै सहकर्मीले सम्पादकसँग छलफल गरी सामग्री चयन, सम्पादन र पृष्ठ रूपरेखा तयार गर्छन् । सम्पादकीय लेख्न भने हाल कुनै छुट्टै सहकर्मी नभएकाले सम्पादक आफैं, नभए सम्बन्धित

विषयका अनुभवी सहकर्मी संवाददाताहरूलाई लेख्न लगाई सम्पादक आफैंले उत्पादन गर्ने गरेका छौँ । सम्पादकीय लेख्नका लागि भने तात्कालीक महत्त्वका विषयवस्तु चयन गरिन्छ ।

**दैनिक पत्रिकाको सम्पादकका मुख्य चुनौती के के हुन् ?**

दैनिक पत्रिकाका सम्पादकको मुख्य चुनौती देश देशावरका शीघ्र घटना एवम् तिनका प्रवृत्ति ठम्याएर सही रूपमा सूचना र दृष्टिकोण प्रस्तुत गर्नु हो । पत्रिकालाई जिम्मेवार, विश्वसनीय र लोकप्रिय बनाउन हरेक दिन सूचना तथा विचारको उत्पादन र प्रशोधनको शान्तिपूर्ण आन्दोलन गर्नु हो ।

***कान्तिपुर* दैनिक धेरै पाठकले पढ्ने पत्रिका बनेको छ। यसको कारण के हो ? यसको सफलतालाई निरन्तरता दिनलाई के गरिँदैछ छ ?**

*कान्तिपुर*को लोकप्रियताको एउटा कारण यसको जन्मकालको इतिहास पनि हो । २०४६ सालको जनआन्दोलनपछि पुनर्स्थापित प्रजातन्त्रको दुई वर्षसम्म पनि देशमा दैनिक पत्रिकाका रूपमा *गोरखापत्र*मात्र भएको अवस्थामा निजी क्षेत्रबाट स्वतन्त्र समाचार र विचार शैलीसहित यसको प्रकाशन सुरु भएको थियो । तन्नेरी पत्रकार तथा व्यवस्थापकहरूले प्रजातन्त्रकालीन समाजमा स्वतन्त्र पत्रकारिता र व्यावसायिक प्रतिफलको उद्देश्य लिई त्यसमै सुदूर भविष्य ठम्याउनु त्यसको प्रेरणास्रोत थियो । पत्रिकालाई काठमाडौँबाहिर पनि क्षेत्रीय संस्करणका रूपमा मुद्रित गराउने, आठ पृष्ठ रङ्गीनको छापाखाना विस्तार गर्ने, अन्य प्राविधिक पूर्वाधार विकास गर्ने जस्ता लगानी विस्तार एकातर्फ जारी छ भने अर्कातर्फ जनशक्ति थप दक्ष बनाई समयानुकूल पाठकप्रिय बनाउँदै लैजाने हाम्रो नीति छ। कुनै पनि प्रकारका दबाबसामू सम्झौता नगरी पाठक वर्गलाई बढीभन्दा बढी सुसूचित गर्न निर्भीकतासाथ पत्रकारिता गर्ने उद्देश्यमा अडान नै हाम्रो सफलताको निरन्तरताको कारण हुनेछ । अर्कातर्फ पत्रिकालाई समाचार तथा दृष्टिकोणलाई अझ गहकिला, गहिरा र सुरुचिपूर्ण तुल्याउँदै खोजीमूलक सामग्रीलाई प्राथमिकता दिँदै छौँ ।

**आर्थिक, प्राविधिक जस्ता साधनस्रोतका साथै जनशक्तिका हिसाबले *कान्तिपुर* कुन अवस्थामा छ ? जनशक्तिको क्षमता वृद्धिका लागि के के कार्यक्रम छन् ?**

आर्थिक, प्राविधिक जस्ता साधनस्रोत पत्रिकाले बढाउँदै लगेको आर्जनबाट सन्तोषप्रदै छ । जनशक्तिमा भने अझै हामीले पर्याप्त जोड दिन सकिरहेका छैनौँ । भएको

जनशक्तिलाई अझ प्रशिक्षित, खोजीमूलक पत्रकारितामा निपुण र सम्भावनायुक्त बनाउने क्रम जारी छ । क्षमता वृद्धिका लागि तत्काले कुनै ठोस नीति नभए पनि यसबारे चिन्तन गर्दैछौँ ।

**नेपाली पत्रपत्रिकामा उद्घाटन, गोष्ठी, सभा, जुलुस जस्ता पूर्वघोषित औपचारिक कार्यक्रमका समाचार सामग्री नै धेरै आइरहेका हुन्छन् । पत्रकारले आफैँले खोजेर ल्याउने समाचार किन कम भएको होला ? *कान्तिपुर*ले खोज पत्रकारिता गर्ने भनेर छुट्टै सेल गठन गरेको थियो । किन निष्क्रिय भयो यो सेल ?**

औपचारिक कार्यक्रमहरूका समाचार खासै बढी छैनन् । समयक्रममा पत्रकारहरूको क्षमता वृद्धिसँगै खोजबिन गरिएका समाचारको प्रभाव र प्राथमिकता बढ्दै गएको छ । खोज पत्रकारिताको सेल भने एकाधपल्ट स्थापना गरिए पनि जनशक्ति पर्याप्त हुन नसक्दा नियमित तवरमै अनुसन्धानमूलक समाचार बढाउँदैछौँ ।

**२०५८ जेठ १९ को दरबार हत्याकाण्ड, इराकमा नेपाली मारिएपछि काठमाडौँमा २०६१ भदौ १६ मा भड्किएको हिंसाका क्रममा *कान्तिपुर* पब्लिकेसन्स्माथि नै भएको आक्रमण जस्ता घटनामा *कान्तिपुर*ले किन सतही रिपोर्टिङबाहेक केही गर्न सकेन ? यसबारे खोजबिन गरेर सत्यतथ्य अगाडि ल्याउन किन नसकेको ?**

दरबार हत्याकाण्डको समाचार भोलिपल्ट दिन नसक्नुमा आधिकारिक समाचार स्रोतसँगको पहुँचको कमी हो । भदौ १६ को दङ्गाका क्रममा कान्तिपुर पब्लिकेसन्स्माथि आक्रमणपछि त्यसबारे केही समय नियमित फलोअप गरेकै हौं । सत्यतथ्य पत्रिका आफैँले ल्याउन सक्ने अवस्था थिएन तर घटना परिस्थितिको विश्लेषणमार्फत सङ्केत हामीले गरेका थियौँ । त्यसपछि देशमा घटनाहरू तीव्र रूपमा हुन थालेकाले त्यसमाथि मात्र जोड दिएर पछ्याउन भने छोडेका हौँ ।

**पत्रकारिता तालिम वा औपचारिक पढाइ पूरा गरेर आएका वा पत्रकारिता गर्दै सिक्दै गरेका पत्रकारको दक्षतामा तात्विक भिन्नता पाउनुभएको छ ?**

तालिम वा औपचारिक पढाइ पूरा गरेर आएका पत्रकारहरूलाई निश्चय नै आधारभूत ज्ञान बढी हुन्छ । पत्रिकामा प्रवेश गरी पत्रकारिता सिक्ने पत्रकारहरू पनि निश्चित समयको काम गराइबाट दक्ष हुँदै गएका छन् । प्रस्ट छुट्ट्याएर हेर्न

नसके पनि मुख्यतः पत्रकारिताप्रति रुचि, समर्पण र सम्भावना भएका सहकर्मीहरू योग्य र बढी सफल हुन सकेका छन् ।

**विचार पृष्ठका लागि लेखहरू छनोट गर्ने के आधार हो ? नेपालका स्तम्भकार र लेखकहरूबारे सम्पादकका नाताले तपाईंको मूल्याङ्कन के हो ?**
लेख रचना छनोटको आधार विषयको समसामयिकता र त्यसमा प्रकट दृष्टिकोण हो । तर्कपूर्ण विश्लेषण र विचार विमर्श लेखका आधार मानिन्छन् । सरल, प्रस्ट र सीधा हुनु लेखका विशेषता हुन्छन् । स्तम्भकार र लेखक धेरै नहुनु नेपाली पत्रकारिताको एउटा समस्या हो । औसत स्तम्भकार र लेखक निश्चित आग्रह, सीमा र सूचनाबाट डोरिन्छन् । रुचिपूर्ण, तर्कशील, कल्पनाशाली र अध्ययन अनुसन्धानकारी लेखक-स्तम्भकारको निकै अभाव छ ।

**आफ्नो लेखको आशय तोडमरोड हुने गरी छापियो भन्ने लेखकीय गुनासो बेलाबेलामा सुन्न र पढ्न पाइन्छ । *कान्तिपुर*मा पनि यस्तो हुने गरेको छ । किन हुन्छ यस्तो ? सम्पादन गरेपछि लेखकसँग त्यसको स्वीकृति लिए बेस हुन्थ्यो नि होइन र ?**
सम्पादन गरेपछि सम्बन्धित लेखकलाई देखाउने, पठाउने र सहमति लिने स्वभावैले उत्तम अवस्था हो । दैनिक पत्रिका र त्यसमा पनि सम्पादकीय विभाग सानो भएकाले हामीलाई त्यसो गर्ने सुविधा छैन । कसैका लेख तोडमरोड गर्ने हाम्रो नियत वा नीति हुनसक्दैन । प्रायः लेखकले आफ्ना शब्दप्रति बढी ख्याल गर्ने र शब्द फरक पर्दा आशय पनि बाङ्गियो भन्ने भावना बनाउने हुनाले यस्ता गुनासा पनि प्रकट हुने गरेका छन् । मुख्य समस्या नेपाली लेखकहरूले निश्चित शब्दसीमामा रहेर लेख्ने प्रवृत्तिको विकास नगर्नु हो । सोझै विषयवस्तुमा प्रवेश नगर्ने, भूमिका बाँध्ने, तथ्यहरू उभ्याएर आवश्यक तर्कशक्ति प्रयोग गरी विचार सम्प्रेषण नगर्ने आम लेखकीय प्रवृत्ति हामी देख्छौँ । कुनै लेखक/स्तम्भकारका कुनै निश्चित तथ्य प्रस्ट हुन नसक्दा, पत्यारिलो हुन नसक्दा वा कुनै तथ्यका आधारमा अनावश्यक वा आपत्तिजनक तर्क गरिँदा विषयको संवेदनशीलता र लेखको मर्म हेरी स्वीकृति भने लिने प्रयास गर्दै आएका पनि छौँ ।

**तपाईं सम्पादक भएपछि *कान्तिपुर*मा पाठक पत्रका लागि लगभग एक पृष्ठ छुट्टयाइएको छ । यति धेरै महत्त्व किन दिनुभएको हो यसलाई ?**
पाठक पत्र पत्रपत्रिकाको आत्मा हो । पाठकको स्तर, रुचि र प्रतिक्रिया यसले जनाउँछ । यसले पाठक र सम्पादकबीच संवाद पनि गर्छ । पाठक पत्र नहुनु वा

धेरै नहुनु भनेको एकतर्फी विचार र सूचना प्रवाहको आधिपत्य जमाउनु हो। पत्रकारलाई सचेत तुल्याउन, लेखक-स्तम्भकारलाई अर्को दृष्टिकोण पनि सम्झाउन, आम पाठकलाई अरूको धारणासँग साक्षात् तुल्याउन यसको ठूलो महत्त्व भएकैले हामीले करिब एक पृष्ठ यसका लागि छुट्ट्याएका हौँ।

**२०६१ माघ १९ पछि प्रेस स्वतन्त्रतामा व्यापक अङ्कुश लगाइयो। तर सरकारी अङ्कुशभन्दा बढी सम्पादकले आत्मसेन्सर गरे भन्ने गरिन्छ। तपाईंको अनुभव कस्तो रह्यो ?**

माघ १९ को बिहानै सैनिक सेन्सरसीप सुरु गर्न पत्रिका कार्यालय 'सानो ब्यारेक' मा परिणत गरिएको थियो। 'ब्यारेक' हटेको दिन पत्रिका पुनः आलोचनात्मक रूपमा प्रकाशन हुन थाल्यो भने हामी फेरि आउनेछौँ भन्ने चेतावनी दिइएको थियो। सरकारी आदेश र ज्ञात/अज्ञात ठाउँबाट धम्की जारी थिए। कुनै पनि निहुँमा पत्रिका बन्द गर्ने 'माथि' को तयारी थाहा पाइएकाले एक दिन पनि छापाखाना नरोकी पत्रिका सुचारू गर्न केही दिन हामीले 'आत्मसेन्सर' गरेको सत्य हो। सेनाको सट्टा जिल्ला प्रशासन र जिल्ला प्रहरीले हामीसँग व्यवहार सुरु गरेपछि कानुनी लडाइँका निम्ति तयार भएरै हामी पुनः सम्पादकीय स्वतन्त्रतामा फर्केका थियौँ।

**अहिले नेपाली प्रेसको स्वतन्त्रताको अवस्था कस्तो छ ? यसमाथि कस-कसबाट खतरा छ ? यसलाई सुनिश्चित गर्न के गर्नुपर्ला ?**

अहिले पनि स्वतन्त्रताको वातावरण छैन। गत वर्ष (२०६३ साल) देखि कहीँ पनि कुनै पनि बेला हूलहुज्जत गर्न कुनै पनि प्रायोजित समूहलाई हामीले सामना गर्दै आएका छौँ। पत्रिका ओसार्ने गाडी र तिनका ड्राइभर निशाना बन्न थालेका छन्। कैयौँपल्ट हाम्रा गाडी जलाइएका छन्, पत्रिका आगजनी गरिएका छन्, ड्राइभर मुश्किलले गोलीबाट बचेका छन्। राजमार्गहरू खतरा क्षेत्र बनेका छन्। कतिपय सहरमा कैयौँ दिनसम्म पत्रिका निषेध गरिएको छ। समाचार नछापेको वा भने जसरी समाचार नआएको निहुँमा धम्की र आक्रमण हाम्रा वास्तविकता बनेका छन्। केही समय नेकपा (माओवादी) मातहतका समूहबाट समस्या थियो भने अहिले विशेषगरी स्वार्थ-समूहहरूबाट खतरा छ। प्रेसलाई खतरामुक्त पार्न सर्वप्रथम राष्ट्रिय रूपमै राजनीतिक शक्तिहरू प्रेस स्वतन्त्रताप्रति हृदयबाटै प्रतिबद्ध हुने, आलोचना सहने संस्कार विकास गर्ने र त्यसैअनुसार आफ्ना कार्यकर्तालाई सन्देश दिने गर्नुपर्छ। अर्कातर्फ देशमा कानुनी शासन प्रत्याभूत गर्ने वातावरण

कायम गर्न सक्नुपर्छ । प्रेस स्वतन्त्रता भौतिक वा कानुनी सुरक्षाबाट मात्र सुनिश्चित हुन पनि सक्दैन भन्ने हाम्रो सङ्क्रमणकालीन तरल अवस्थाको उदाहरण हो ।

***कान्तिपुर* लगायतका मिडियामा मजदुरहरूको हडतालका कारण नियमित प्रकाशन वा प्रसारण समेत केही समयका लागि रोकिए । आगामी दिनमा यस्तो नहुनका लागि के गरिनुपर्छ जस्तो लाग्छ तपाईंलाई ?**

कान्तिपुर पब्लिकेसन्स्मा स्थापित अखिल नेपाल छापाखाना तथा मजदूर सङ्घको इकाई (युनियन) ले व्यवस्थापनसमक्ष राखेका विभिन्न २२ बुँदे मागबारे दुवैतर्फका वार्ता समिति छलफलकै क्रममा रहँदा इकाईको मूल संस्था माओवादी सम्बन्ध महासङ्घको हस्तक्षेपका कारण असमञ्जस्यता उत्पन्न हुन गएको हो । कार्यालयमा भौतिक क्षतिको अवस्था आएपछि व्यवस्थापन-युनियन वार्ता स्थगित हुन गई द्वन्द्वको अवस्था सिर्जना भएको पनि सत्य हो । दीगो रूपमा समस्या समाधानका लागि फेरि वार्ता सुचारू गरी हालै सहमतिपत्रमा हस्ताक्षर भएको छ र युनियनले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेको छ ।

नेपालमा सञ्चारगृहहरू निजीक्षेत्रबाट व्यवस्थित रूपमा सञ्चालन हुन थालेको जम्माजम्मी डेढ दशक पनि पुगेको छैन । यो निर्माण चरण थियो । त्यसैअनुसार निर्माण, संरचना विस्तारमा प्राथमिकता दिइयो । गृहहरूले आफ्ना जनशक्तिको संरचना, स्वरूप, स्थायित्व र भविष्यमा गृहकै विकासबारे पनि दीर्घकालीन नीति स्थापित गर्न सकिसकेका छैनन् । त्यसो हुनाले श्रमजीवी पत्रकार ऐन पनि सबै गृहले समान रूपले कार्यान्वयन गर्न पनि सकेका छैनन् । सञ्चारगृह सञ्चालन र सहकर्मी पत्रकार/कर्मचारीका लागि हामीसँग योग्य र परिपक्व नजीरहरू पनि छैनन् । नयाँ अवस्थामै रहेको र माओवादी सशस्त्र द्वन्द्वसँगै राजनीतिक अस्थिरता र शाही शासनका कारण सञ्चारगृहहरू फस्टाउने र भविष्यसम्म आशावादी भएर अघि बढ्न दीर्घकालीन नीति लागू गर्न सक्ने अवस्थामा थिएनन् । अहिले पनि मुलुकको अर्थतन्त्र स्थायी किसिमले निश्चित दिशामा बढ्ने लक्षण प्रस्ट नहुँदा आवश्यक लगानीको प्रत्याभूति हुन सकेको छैन ।

तैपनि मलाई के लाग्छ भने पत्रकार/कर्मचारी र व्यवस्थापनबीच आपसी सन्तुष्टिका आधारमा सञ्चारगृहहरूले आफ्नो सफलता आँकलन गर्न सक्ने अनुभव प्रायः सबैले गरेका छन् । यस आधारमा अब हरेक गृहमा व्यवस्थापन र पत्रकार/कर्मचारीबीच श्रमजीवी पत्रकार ऐन र त्यो ऐनको संशोधनसँगै नियमावली आएपछि त्यसको कार्यान्वयनको सुनिश्चितताले आगामी दिनमा हिजोअस्ति जस्तो बन्दै हुने अवस्था सिर्जना नहोला भन्न सकिन्छ ।

**नेपाली मिडियामा कर्पोरेट जगतको पकड बढ्दै गएको छ । सम्पादकीय स्वतन्त्रतामा मिडियाकै लगानीकर्ताको हस्तक्षेप हुने गरेको पनि सुन्न पाइन्छ । *कान्तिपुर*बाट सम्पादक युवराज घिमिरेले अवकास लिँदा व्यवस्थापकीय हस्तक्षेप त्यसको मुख्य कारणका रूपमा देखा परेको थियो । तपाईंको अनुभव कस्तो छ ?**

मिडियामा लगानी बृहत् गर्नु भनेको कर्पोरेट संरचना बनाउनु हो । कर्पोरेट संरचनाले सम्पादकीय स्वतन्त्रता हरण गर्छ भन्ने होइन । लगानीकर्ताले सम्पादकीय स्वतन्त्रताबाट सञ्चारमाध्यम विश्वसनीय बन्छ भन्ने आत्मसात गरेको उदाहरण *कान्तिपुर* आफैं हो । यसमा कर्पोरेट जगतको पकड बढ्दै गएको प्रत्यक्ष अनुभूति हामीलाई छैन । उद्योगी व्यापारी समुदायले सञ्चारमाध्यम आफूअनुकूल होओस् भन्ने चाहनु अस्वाभाविक होइन, त्यो त हरेक समुदाय/संस्था, शक्ति/सत्ता र व्यक्तिले चाहेको हुन्छ । समाचार कक्षमा त्यसको प्रभाव कति पर्छ वा सम्पादकीय समूहले त्यसको सामना कसरी गर्छ भन्नेमा त्यो निर्भर गर्छ । सबभन्दा मुख्य प्रकाशक/व्यवस्थापकको बुझाइ र सम्पादकसँगको व्यवसायिक सम्बन्ध हो । मेरा अग्रज युवराज घिमिरे र योगेश उपाध्यायका सम्पादकीय नीति मेरा लागि शिक्षा हुन् तर व्यवस्थापनसँगका अनुभव आ-आफ्ना हुनसक्छन् । *कान्तिपुर*को सफलताको एउटा मुख्य शक्ति फेरि पनि सम्पादकीय स्वतन्त्रता हो भन्ने आफ्नो बुझाइ र भोगाइ म दोहोर्‍याउन चाहन्छु ।

**मिडियाले हाम्रो समाचार दिएन भन्ने गुनासो बढ्दै गएको छ ? किन यस्तो भइरहेको छ ?**

यो गुनासो अहिले हाम्रो चिन्ता पनि हो । सबैका गुनासा सम्बोधन गर्ने क्षमता कुनै पनि पत्रिकासँग हुँदैन किनभने कुनै पनि पत्रिकाले सबैलाई सन्तुष्ट पार्न सक्दैन । हाम्रा समाचारका क्षेत्र र विषयको दायरा बढाउनुपर्ने आवश्यकताबाट सिर्जित गुनासा स्वाभाविक हुन् । एउटा सत्य के हो भने हिजो जे विषय समाचार बन्थेन, आज बन्नुपर्ने र महत्त्व दिनुपर्ने भएको छ । हिजोसम्म नउठेका आवाज आज सुनिन थालेका छन् । पत्रकारहरूले त्यसको भेऊ कतिसम्म पाउन थालेका छन् भन्नेसँग पनि यो जोडिएको छ ।

**पछिल्लो समयमा हेर्ने हो भने नेपालगञ्जमा २०६३ पुस १० र ११ मा भएको दङ्गाको विवरणलाई सबैजसो मिडियाले बाहिर ल्याउने प्रयास गरेनन् । त्यसो गर्नु ठीक थियो त ?**

दङ्गाले साम्प्रदायिक रूप लिएको छ भने सद्भाव कायम गर्ने प्रयत्नलाई प्राथमिकता मिडियाको जिम्मेवारी हुन्छ । नेपालगञ्ज त्यसको उदाहरण हो । आगो खोस्रिने भन्दा निभाउनेतर्फ आम पत्रकारको भूमिका देखिनु स्वाभाविक थियो । दङ्गा साम्य भएपछि भरपर्दो छानबिन र दोषी पहिचान गरी दण्डित गर्ने सरकारी कर्तव्यमा मिडिया सचेतक बन्नुपर्छ भन्नेमा हामी प्रस्ट छौँ । नेपालगञ्जजस्ता केही यस्ता घटना छन् जसबारे हामीले गहिराइसम्म अनुसन्धान गरेर पूर्ण विवरण सार्वजनिक गर्ने दायित्वलाई आवश्यक प्राथमिकता दिन नसकेका हुन सक्छौँ ।

**२०६२/०६३ को आन्दोलनका क्रममा *कान्तिपुर*को प्रस्तुतिको प्रशंसा गरियो तर त्यसपछि भएका जनजाति, महिला, मधेस आदिजस्ता सामाजिक आन्दोलनमा भने *कान्तिपुर*को प्रस्तुतिलाई आन्दोलनका पक्षधरले त्यति रुचाएको पाइएन । मधेसको आन्दोलनका क्रममा त कान्तिपुर पब्लिकेसन्स्को पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा बम नै राखियो भने यसका केही पत्रकार पनि कर्मथलोबाट विस्थापित बन्न पुगे । यसको कारण के होला ?**

कान्तिपुर पब्लिकेसन्स्को पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरमा बम राखिएको घटनालाई मधेस आन्दोलनसँग जोड्नु हुँदैन । मधेस, जनजाति, महिलाजस्ता आन्दोलनलाई यथेष्ट प्राथमिकतासाथ समाचार दिँदादिँदै पनि हिंसा र हिंसाजन्य घटनाको हामीले विरोध गरेका छौँ । आन्दोलनकारीले हिंसात्मक कारवाही गरेको नभई, आन्दोलनको लाभ लिन हिंसा भड्काउन उद्यत समूहहरू बेला बेला सक्रिय हुने गरेको प्रस्ट छ । आन्दोलनका क्रममा हाम्रा केही सहकर्मी विस्थापित हुन पुग्नुको कारण फेरि पनि वास्तविक आन्दोलनकारी नभई, अराजक व्यक्ति/समूह हुन् । कतिपय प्रसङ्गमा *कान्तिपुर*ले समाचार नदिएको, प्राथमिकता र महत्त्व नदिएको जायज गुनासा आएका छन् जसले हाम्रो ध्यानाकर्षण गरेको छ ।

**नेपाली मिडियाको समाचार कक्षमा जातीय, लैङ्गिक, धार्मिक विविधता न्यून देखिन्छ । विविधताको यस्तो न्यूनताले सम्बन्धित समुदायको कभरेज ओझेलमा पर्न सक्ने सम्भावना देख्नुहुन्छ ?**

समाचार कक्षमा विविधता कम भएको सही हो । विशेषगरी महिला सङ्ख्या अत्यन्त कम हुनु हाम्रो चिन्ताको विषय भएको छ । समुदायसम्बन्धी समाचारमा विविधतापूर्ण पत्रकार उपस्थितिले फरक पार्छ भन्नु केही हदसम्म उपयुक्त हो ।

**_कान्तिपुर_मा जातीय विविधता बढाउने केही उपाय अवलम्बन भएका छन् त ?**

हामीले भरसक विविधता ल्याउने प्रयास गर्दै आएका छौँ र यसलाई बढाउनेबारे सकारात्मक सोच राखेका छौँ । पछिल्ला केही वर्षदेखि रिक्त स्थानमा सकेसम्म त्यो विविधतालाई सम्मान गर्ने प्रयत्न गरेका छौँ ।

**तपाईंसँग लामो समय रिपोर्टिङ गर्दाको अनुभव पनि छ र अहिले चल्तीको ठूलो दैनिक पत्रिकाको सम्पादक हुनुहुन्छ । रिपोर्टर हुँदा र सम्पादक बन्दा कस्तो फरक हुँदो रहेछ त ?**

रिर्पोटिङ गर्दा आफू स्वतन्त्र भइन्छ । आफ्नो समाचारबारे ध्यान दिए पुग्छ । एउटा चङ्गाझैँ आफ्नो आकाश खोज्दै समाचार आकाश विचरण गर्न सकिन्छ । यत्ति हो त्यसको लट्टाइ सम्पादकको हातमा हुन्छ । रिपोर्टर चिन्ने सम्पादक पऱ्यो भने त्यसले आफूलाई जति टाढा र जसरी पनि यात्रा गर्न स्वतन्त्र छाड्छ । त्यसको विशेषता र आकर्षण बेग्लै छ । सम्पादक भनेको बन्धन जस्तै हो किनभने हरक्षण उसले पत्रिकाका बारेमा सोच्नुपर्ने हुन्छ । आफ्नो छुट्टै समाचार वा लेख/रचनाका लागि समय हुँदैन । पत्रिकाका गुनासा र समस्या सुन्ने, बुझ्ने, समीक्षा गर्ने, सहकर्मीहरूलाई राय सुझाव दिने, भावी नीति बनाउने, प्रकाशकदेखि व्यवस्थापकीय विभागहरूसँग समन्वय गर्ने, समाजमा पत्रिकाको प्रवक्ताको भूमिका बहन गर्ने र पाठकहरूसँग कसरी बढीभन्दा बढी 'कनेक्सन' स्थापित गर्दै लग्ने भन्ने चिन्ता साँच्दै हिँड्ने, यसो गर्दैमा समय बित्छ ।

**कर्णालीको भोकमरीबारे, नेपाली भूमि कालापानीमा रहेको भारतीय सैन्य क्याम्पबारे तपाईंले गरेका रिपोर्टिङहरू उदाहरणीय बनेका छन् । यी रिपोर्टिङ पूर्वनियोजित थिए कि संयोग मात्र ? तपाईंलाई चित्त बुझेको आफ्नो रिपोर्टिङ कुन थियो ?**

कालापानीमा रहेको भारतीय सैन्य क्याम्पबारे रिर्पोटिङ ठाउँ र स्थिति पहिल्याउँदै जाने एउटा रिपोर्टरको उत्सुकता र उत्साहको परिणाम हो । संसदको संयुक्त सदनको दुई तिहाईले महाकाली सन्धि पारित गर्ने क्रममा बेलाबखत केही सांसदबाट कालीवारि (त्यतिखेर तिङ्कर भनेर प्रचारित) भारतीय सैनिक शिविर रहेको चर्चा भएको थियो । एक दिन मैले र *द काठमाण्डु पोस्ट*का सहकर्मी जोगेन्द्रकेशरी घिमिरेले टनकपुरदेखि पञ्चेश्वर हुँदै कालीको सिरानसम्म रिर्पोटिङ गर्दै जाने निधो गऱ्यौँ । सम्पादक योगेश उपाध्यायसँग 'एसाइनमेन्ट' लियौँ ।

भारतीय सडक हुँदै दार्चुला पसेर छ्यामरूङ पुग्दा तिङ्कर होइन, कालापानीमा त्यस्तो शिविर रहेको खास जानकारी पायौँ । कालापानी पुगेर भारतीय सैनिक अधिकृतसँगै समेत कुराकानी गरेपछि त्यो समाचार र लुकाएर खिचिएको तस्वीर छाप्ने हतार कस्तो भयो भने हेलिकोप्टरले टिपेर टपक्क काठमाडौँ पुऱ्याइदिए हुन्थ्यो भन्ने लागेको थियो । हिँडेर फर्किंदा चार दिनमा काठमाडौँ आइपुग्यौँ ।

कर्णालीमा विशेषगरी हुम्लाको रिर्पोटिङ गर्दा एकदिन सिमकोट विमानस्थलको हरियो चौरमा जिल्लाभरिबाट आएका गाविस सचिवहरू झुरूम्म गोलबद्ध बसेर गम्भीरतासाथ छलफल गरेको चाख मानेर सुन्दा खाद्यान्न अभावको जानकारी पाएको थिएँ । त्यसैलाई पछ्याउँदै जाँदा र फेरि-फेरि जिल्ला फर्किंदा केही महिनापछि रूघाखोकी जस्ता सामान्य समस्याबाटै सयौँ जनाको ज्यान गएको प्रकोप उजागर गर्न पाएको थिएँ । ती दुवै समाचारले पत्रकारका रूपमा पेशागत सन्तुष्टि दिलाएको थियो । यी दुवै समाचार मलाई त्यस भेगप्रति रूचि जगाउने मेरो पहिलो सिमकोट-मानसरोवर पदयात्राको प्रेरणा पनि हो जुन भ्रमण मैले *कान्तिपुर* स्थापनाको पहिलो वर्ष नै गरेको थिएँ ।

**तपाईंले आफ्नो उपन्यास *पल्पसा क्याफे*बारे गरिएको एक अन्तर्क्रिया कार्यक्रममा पत्रिकामा गर्न नसकेको विषयलाई उपन्यासमा लेखेको प्रसङ्ग उल्लेख गर्नुभएको थियो। के गर्न सक्नुभएन पत्रिकामा र उपन्यास लेख्नुपऱ्यो त ?**

यो प्रश्न निकै महत्त्वपूर्ण र कठिन छ । रिपोर्टरका रूपमा मैले धेरै जिल्ला भ्रमण गर्न पाउँदा धेरै त्यस्ता पात्र र घटनासँग साक्षात् अनुभव हासिल गरेँ जसले मलाई कथा बुन्न सधैँ प्रेरित गर्थ्यो । व्यक्तिका निजी भोगाइ र कल्पना, घटना र त्यसले विथोलेका सपना सधैँभरि समाचारमा प्रकट गर्न सकिँदैन । समाचारको आफ्नै प्राविधिक सीमा र अनुशासन हुन्छ । समाचारमा उद्घाटित हुन नसकेका संयोग र वियोगहरू, आफ्नै अनुभव र प्रभाव, आफूले देखे/सुने/सोचे/चिने/जानेका व्यक्तिहरूका कैयौँ कथासँग आफ्ना कल्पना मिसाउँदा समाचारको दायराबाहिर एउटा लेखक प्रकट हुन उकुसमुकुस हुन्थ्यो, प्रेरित हुन्थ्यो । त्यही प्रेरणाको एउटा प्रमाण *पल्पसा क्याफे* हो । त्यसअघि त्यस्ता भ्रमणका जम्काभेटहरूलाई कल्पनात्मक तवरमा म साप्ताहिक रूपमा 'कफी गफ' पनि लेख्थेँ ।